# दार्मा गाउँपालिका
**Darma Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**

फारुलाचौर, सल्यान
Farulachaur, Salyan

वेबसाइट: www.darmamun.gov.n
इमेल:ito.darmamun@gmail.cor

कर्णाली प्रदेश नेपाल
Karnali Province, Nepal


पत्र संख्या:२०८२/०८३
चलानी नम्बर:

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित: २०८३/०१/०८ गते**

नेपाल सरकार, फिनल्याण्ड सरकार, युरोपियन युनियन तथा यस दार्मा गाउँपालिकाको संयुक्त साझेदारीमा सञ्चालित सेवाका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता (SUSWA) आयोजनाका लागि तपसिल बमोजिमका पदहरूमा सेवा करार पदपूर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूका लागि खानेपानी सरसफाइ तथा स्वच्छता संयोजक (WASH Coordinator) पदमा व्यक्तिगत विवरण र निवेदन सहित सूचना प्रकाशित गरिएको मितिले ७ दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नम्बर | पद | संख्या |
|---|---|---|---|
| १ | BM/SUSWA-१४-२०८२/०८३ | खानेपानी सरसफाइ तथा स्वच्छता संयोजक (WASH Coordinator) | १ |

**१. पद: खानेपानी सरसफाइ तथा स्वच्छता संयोजक (WASH Coordinator)**

- विज्ञापन नं.: BM/SUSWA-१४-२०८२/०८३
- आवश्यक संख्या: १ (एक)
- श्रेणी/तह: अधिकृत छैठौं

**आवश्यक न्यूनतम योग्यता तथा अनुभव:**

- कम्तीमा स्नातक तह (ग्रामीण विकास, समाजशास्त्र, व्यवस्थापन वा सम्बन्धित विषय) उत्तीर्ण गरी कम्तीमा ५ वर्षको ग्रामीण विकास, योजना तर्जुमा र व्यवस्थापनमा कार्य गरेको अनुभव भएको हुनु पर्ने साथै खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको हुनु पर्ने।
- सामाजिक परिचालन, तालिम सहजीकरणमा राम्रो अनुभव भएको।
- आधारभूत कम्प्युटर (MS Word, Excel, PowerPoint) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको।
- दातृ निकायका कार्यक्रम र स्थानीय तहहरूसँग सम्बन्धित खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा काम गरेकोलाई विशेष प्राथमिकता दिइने।
- सम्बन्धित स्थानीय नागरिकलाई विशेष प्राथमिकता दिइने छ।

**२. आवेदन दस्तुर:**

- खानेपानी सरसफाइ तथा स्वच्छता संयोजकका लागि रु १००० (एक हजार रुपैयाँ मात्र)।

"उत्पादनमा वृद्धि, दार्माको समृद्धि"




CS Scanned with CamScanner

वेबसाइट: www.darmamun.gov.n
इमेल:ito.darmamun@gmail.cor

पत्र संख्या: २०८२/०८३
चलानी नम्बर:

**३. छनौटको किसिम:**

- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन
- लिखित तथा मौखिक परीक्षा र कम्प्युटर परीक्षा पनि गरिनेछ ।

**४. सेवा सुविधा:**

पालिकाअन्तर्गत वास इकाई/सुस्वा आयोजनाको नियम अनुसार हुनेछ ।

**५. आवेदनका साथ संलग्न राख्नु पर्ने कागजातहरू:**

आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरूको छायाँप्रति अनिवार्य पेश गर्नु पर्नेछ:

१. नागरिकता
२. चारित्रिक प्रमाणपत्र
३. कामसँग सम्बन्धित अनुभवका कागजातहरू
४. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
५. व्यक्तिगत विवरण (बायो डाटा)
६. कामसँग सम्बन्धित तालिमका प्रमाणपत्रहरू

**६. अन्य:**

कामसँग सम्बन्धित कार्य विवरण, सूचना यस गाउँपालिकाको सूचना पाटी र वेबसाइटमा हेर्न सकिनेछ ।

..........................
लिला ध्वज बस्नेत
नि.प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner